# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
कोशी प्रदेश नेपाल

प.स.: २०८०/०८१
च.नं.:

मिति : २०८०/०४/०९

**बिषय : सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सुचना ।**

सहकारी संस्थाबाट ऋण लिई तोकेको समयावधिमा ऋणको सावाँ ब्याज चुक्ता गर्न संस्थाबाट पटक/पटक आग्रह एवं ताकेता गर्दा समेत अटेरी गर्ने,सहकारीको ऋण तिर्न नपर्ने वा नतिरे पनि हुने भन्ने जस्ता भ्रमहरु फैंलाउने र गैर जिम्मेवारी कुराहरु समेत गर्दै हिडेकाले भोलिका दिनहरुमा बचतकर्ताहरुको बचत फिर्तामा समेत समस्या सृजना हुने देखिएकोले आवश्यक सहजीकरण गरी दिनु भनी जिल्ला सहकारी संघ लि.सुनसरीको च.नं.५ प.सं.०८०/०८१ मिति २०८०/०४/०३ को पत्रबाट अनुरोध भई आएको हुदाँ, हरिनगर गाउँपालिकाको गम्भिररुपमा ध्यानाकर्षण भएको छ । सहकारी संस्थामा बचत गर्ने सदस्यहरुको रकमबाट नैं कर्जा प्रवाह हुने र ऋणी सदस्यले समयमैं ऋण चुक्ता नगर्दा बचत फिर्तामा समस्या पैंदा हुने भएकाले सहकारी ऐन २०७४ र हरिनगर गाउँपालिकाको सहकारी ऐन २०७५ विपरीत हुने भएको हुदाँ प्रचलित कानुन बमोजिम समयमा नैं आफुले लिएको ऋणको सावाँ,ब्याज रकम चुक्ता गरी असल ऋणीको पहिचान बनाउन तथा संस्थामा देखिएको वित्तिय समस्यालाई यथासक्य चाडौं समाधान गर्न सहयोग गरिदिनुहुन सम्पूर्ण ऋणी सदस्यहरुलाई आदेशानुसार सुचित गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**
श्री सुचना प्रविधि शाखा
सुचना वेभसाइडमा Upload गरिदिनु हुन ।